सहयोग

USAID
अमेरिकी जनताबाट

प्रकाशन

नेपाल नगरपालिका संघ
Municipal Association of Nepal (MuAN)

# उत्थानशील शहरी योजना निर्माण विधि र प्रक्रिया



## उत्थानशील विकास भनेको के हो ?

- शहरी उत्थानशलीता शहरको विपद् सामना गर्न सक्ने क्षमता हो । यो विपद् पछिको राहत, सहयोग कार्य भन्दा विपद्वाट हुनसक्ने क्षतीहरुको रोकथामका उपायहरूमा बढी केन्द्रित हुन्छ ।
- घरपरिवारहरुमा घटित प्रकोपका असरहरु सँग जुध्दै जीवनस्तर सुचारु गर्न सक्ने क्षमता उत्थानशीलता हो । उत्थानशील विकासलाई सारांशमा बुझ्नुपर्दा यो जोखिम सुचित विकासको अवधारणा हो ।
- जोखिम सुचित विकास अवधारणाले हरेक प्रकारका जोखिमहरुलाई जानकारीमा राखेर त्यसको सामना गर्न हरहमेसा तयारी अवस्थामा रहने कुराको वकालत गर्दछ ।
- यसको परिणाम स्वरुप आकस्मिक रुपमा आईपर्ने कठिनाई तथा प्रकोपका झड्काहरुलाई नगरपालिका आफैले सामना गर्न सक्दछ ।

## विपद् उत्थानशील योजना निर्माण भनेको के हो ?

- विपद् उत्थानशील योजना निर्माण भनेको कुनै पनि प्रकारका प्रकोपहरुलाई विपद्मा परिणत हुन नदिन हाम्रो नगरलाई तयारी अवस्थामा राख्न सक्ने तरिकाको विकास योजना हो ।
- जुनसुकै साना ठूला योजना निर्माण गर्दा देखिनै जोखिमहरुलाई आँकलन गरेर सो अनुसारको योजना तर्जुमा गर्नुपर्दछ ।

## विपद् उत्थानशील योजना निर्माण कसरी गर्ने ?

- योजनाहरु निर्माण गर्नकालागि तथ्याङ्क मुख्य कुरा हो । यसकालागि वैज्ञानिक तथा व्यवहारीक र लैङ्गिक तथा सामाजिक समावेशीकरणका सूचकहरुमा आधारीत खण्डिकृत तथ्याङ्कहरुको संकलन र प्रसोधन गरी नगर पार्श्वचित्र तयार गर्नु आवश्यक हुन्छ ।
- प्रकोप तथा विपद्का ऐतिहासिक तथ्याङ्कहरु र वर्तमानको विपद्को जोखिमलाई समेत समेटेर तथ्याङ्क विश्लेषण गरी योजनाहरुको निर्माण गर्नु पर्दछ ।

## विपद् उत्थानशील योजना निर्माण गर्दा समेट्नुपर्ने मुख्य मुख्य क्षेत्रहरू

- उत्थानशील भवन तथा पुर्वाधार निर्माण
- उत्थानशील भू-प्रविधिको प्रयोग
- मौसम तथा जलवायु उत्थानशीलता

- विपद् उत्थानशीलताका लागि प्राकृतिक श्रोत साधनहरुको व्यवस्थापन
- विपद् उत्थानशील कृषि प्रणालीको विकास
- उत्थानशील शिक्षा प्रणाली
- उत्थानशील स्वास्थ्य प्रणाली
- उत्थानशीलताका लागि वित्तियकरण
- शहरी जल सम्पदाको समुचित व्यवस्थापन

## उत्थानशीलतामा लगानी किन गर्ने ?

- नेपालको जनगणना २०७८ अनुसार नेपालको ६६.१७ प्रतिशत जनसंख्या शहरमा बस्छन् ।
- तिब्र गतिमा बढीरहेको शहर केन्द्रित जनसंख्याले नगरपालिकाहरुलाई नागरिकहरुलाई सेवा दिन र जमिनको व्यवस्थापन गर्न कठिनाई भैरहेको छ । यसले गर्दा अनायासै आइपर्ने प्रकोपहरुले पुऱ्याउने क्षती हाम्रा शहरहरुका लागि चुनौती भैरहेका छन् ।
- संयुक्त राष्ट्रसंघीय विपद् जोखिम न्यूनिकरण संस्था (UNDRR) का अनुसार विपद् पूर्वतयारी तथा क्षती न्यूनीकरणमा गरिने १ डलरको लगानीले विपद् पछीको पुन:प्राप्तीमा लाग्ने १५ डलर बराबरको लागत घटाउँछ । त्यसैगरी उत्थानशील भवन तथा संरचना निर्माणमा गरिने १ डलर बराबरको लगानीले पुन:निर्माणमा लाग्ने ४ डलर बराबरको लागत घटाउँछ ।

## सफल योजना निर्माण तथा यसको दिगोपना

- दिगोपनाका लागि महत्वपुर्ण कुरा भनेको सरोकारवाला तथा उपभोक्ताहरुको अपनत्व हो । अपनत्वका लागि सबैभन्दा ठुलोकुरा भनेको सहभागिता र साझेदारी हो ।
- योजना निर्माणका चरणमा हुने सहभागिताले त्यसको कार्यान्वयनमा समेत सफलता मिल्दछ भने योजनाहरुको दिगोपनाका लागि समेत योगदान पुग्दछ ।

## यसका लागि मुख्य रुपमा निम्न ३ कुराहरु ख्याल गरिनु पर्दछ ।

- समुदायको समावेशी योजना तर्जुमा प्रकृयामा अर्थपूर्ण समावेशी सहभागिता (महिला, जनजाती, दलित, अपांगता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा आर्थिक रुपमा बिपन्न समुदायहरु)
- नीजि क्षेत्रसंगको साझेदारी
- समुदाय (अति संकटासन्न), नीजि क्षेत्र तथा संस्थाहरुको क्षमता अभिबृद्धि

## स्थानीय तहहरुमा हाल अभ्यासमा रहेका केही मुख्य योजनाहरु

- आवधिक योजना
- वार्षिक योजना

- जोखिम संवेदनशिल भू-उपयोग योजना
- स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना
- यातायात गुरुयोजना
- जलवायू अनुकुलन योजना
- एकिकृत शहरी विकास योजना
- विषय क्षेत्रगत अन्य योजनाहरु

यी योजनाहरु निर्माण गर्दा कतिपय योजनाहरु एकिकृत रुपमा निर्माण गर्ने अभ्यास रहेको हुनाले योजनाका नामहरु भने स्थानीय तहहरुले गरेका अभ्यास अनुसार फरक फरक रहेका छन् ।

## योजना निर्माणका सात चरणहरू

स्थानीय तहहरुको योजना निर्माणलाई छिटो, छरितो र व्यवहारीक बनाउनका लागि निम्न सात चरणको व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| चरण १ | बजेटको पूर्वतयारी |
| चरण २ | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण |
| चरण ३ | बस्ती तहका योजना छनौट |
| चरण ४ | वडा तहमा योजनाको छनौट तथा प्राथमिकिकरण |
| चरण ५ | बजेट तथा कार्यक्रम तर्जुमा |
| चरण ६ | नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृती |
| चरण ७ | नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृती |

श्रोतः स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)

## स्थानीय विपद् एवम् जलवायू उत्थानशील योजना तर्जुमाका पाँच चरणहरू

स्थानीय तहहरुले आफ्नो विपद् एवं जलवायू उत्थानशील योजना तर्जुमा गर्दा निम्न ५ चरणहरुको अभ्यास गरेर गर्नुपर्ने व्यवस्था यस सम्बन्धी निर्देशिकामा गरिएको छ ।

| | |
|---|---|
| चरण १ | समन्वय, प्रारम्भिक तयारी र समितिहरुको गठन |
| चरण २ | संकटासन्नता तथा क्षमता विश्लेषण |
| चरण ३ | स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा |
| चरण ४ | योजना स्विकृती तथा कार्यान्वयन |
| चरण ५ | अनुगमन, मूल्याङ्कन र पुनरावलोकन |

श्रोत : स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८

## स्थानीय तहहरूको वार्षिक योजना तथा बजेटका प्राथमिकताहरू

नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनु पर्नेछ ।

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने

(घ) स्थानीय सहभागिता जुट्ने, स्वयंसेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने

(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने

(च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने

(झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने

(ञ) स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु

श्रोतः स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)

## विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति तथा कानूनी व्यवस्थाहरू


- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६
- प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष संचालन नियमावली, २०६३
- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना, २०१८-२०३०
- विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५)
- प्रदेश स्तरीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विभिन्न कानूनी व्यवस्थाहरु
- स्थानीय स्तरका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बद्ध विभिन्न कानूनी व्यवस्थाहरु
- मनसुनजन्य पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०७८
- नगर स्तरीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन
- स्थानीय विपद् व्यवस्थापन कोष संचालन कार्यविधि
- विपद् पिडित उद्धार र राहत सम्बन्धी मापदण्ड, (सातौ संशोधन) २०७७
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको कार्यसञ्चालन मार्गदर्शन, २०७७
- विपद् खोज तथा उद्धार आधारभूत तालिम पाठ्यक्रम सम्भावित शितलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७
- मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०७७
- विपद् लेखाजोखा मार्गदर्शन, २०७२

- आगलागीजन्य विपद् प्रभावित निजी आवास पुर्ननिर्माण तथा पुन:स्थापना अनुदान वितरण कार्यविधि, २०७८
- विपद् जोखिम वित्तीय व्यवस्थापन रणनीति, २०७८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७
- Technical Guidelines to Conduct Field Investigation of Settlements Affected by Landslides, 2021
- Gender Equality, Disability and Social Inclusion (GEDSI) strategy by NDRRMA 2080 BS.
- Disability Policy by ministry of women children and senior citizen 2078 BS.


## विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अन्तराष्ट्रिय औजारहरू

- दिगो विकास लक्ष्य (SDG)
- विपद् जोखिम न्यूनीकरणको सेन्डाई कार्यढाँचा, २०१६–२०३०

## विपद् जोखिम बित्तियकरणका उपकरणहरू




## विपद् व्यवस्थापन कोष संचालन प्रकृया



## वार्षिक योजना निर्माणमा प्रयोग हुने केही महत्वपुर्ण ढाँचा तथा विधिहरू

- मध्यमकालिन खर्च संरचनाको ढाँचा
- आय व्ययको अनुमान तथा प्रक्षेपणको ढाँचा
- स्थानीय सरकारको नीति तथा कार्यक्रमको खाका
- खर्चगर्ने एकाईगत बजेट सीमा निर्धारणको ढाँचा
- बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको खाका
- प्राथमिकता निर्धारणका आधार, विधि तथा प्रक्रियागत ढाँचा
- वस्ती/टोल स्तर आयोजना छनौट तथा सूची तयारी फाराम
- वडाको बजेट सीमा भित्रका वडास्तरीय आयोजना विवरण फाराम
- नगरपालिका स्तरीय आयोजना तथा कार्यक्रम सूची तयारी ढाँचा
- वार्षिक कार्यक्रमको ढाँचा
- आय, व्यय तथा वित्तीय व्यवस्था बजेटको ढाँचा
- बजेट पुस्तिकाको ढाँचा
- वार्षिक विकास कार्यक्रम तथा एकीकृत कार्यान्वयन कार्ययोजनाको ढाँचा
- खरिद योजनाको ढाँचा
- अनुगमन तथा मूल्याङ्कन योजनाको ढाँचा
- योजना तथा बजेट तर्जुमा क्यालेण्डर

## योजना निर्माण गर्दा ख्याल गर्नुपर्ने केही कुराहरू

- दिगो विकास लक्ष्यले निर्धारण गरेका विषय क्षेत्रहरु तथा सेन्डाई फ्रेमवर्कसंग मेलखानेगरी योजना बनाउने । यसकालागि निर्धारण गरिएका हाम्रा राष्ट्रिय लक्ष्यहरुसंग मेलखाने गरी योजना निर्माण गर्ने ।
- संघ र प्रदेशले निर्धारण गरेका प्राथमिकताहरुसंग हाम्रो नगरको मेल कहाँ कहाँ छ भनेर सोही अनुरुप योजना निर्माण गर्ने ।
- योजना निर्माण पात्रोको प्रयोग गर्ने ।
- योजना निर्माणमा प्रयोग गर्न तय गरिएका ढाँचाहरुको प्रयोग गर्ने । यसो गर्नाले प्रकृयागत अभिलेखहरु पनि संगै तयार हुने र योजना निर्माण व्यवस्थित हुन्छ। यसले प्रकृयालाई बिवाद रहित बनाउन मद्दत् गर्दछ ।
- वार्षिक योजना, आवधिक योजना तथा विषय केन्द्रित भएर बनेका योजनाहरुका प्राथमिकता तथा वार्षिक लक्ष हाँसिल गर्ने गरी बनेको हुनुपर्दछ ।
- योजना निर्माण गर्दा जनसंख्या केन्द्रित भई यथार्थ तथ्याङ्कमा आधारीत भई निर्माण हुनुपर्दछ ।
- अनुगमन तथा आवधिक समिक्षाको स्पष्ट व्यवस्था योजनामा समाबेश भएको हुनुपर्दछ। यसका साथै प्रगति समिक्षा गरेर योजना परिमार्जन गर्नुपर्दछ ।




# नेपाल नगरपालिका संघ

**Municipal Association of Nepal (MuAN)**

५३०-पण्डोल मार्ग, लाजिम्पाट, पो.ब.नं. १४२८६, काठमाण्डौं

फोन नं.००९७७-१-४४२५६९२, ४४२०५५९,

Web: www.muannepal.org.np, Email:info@muannepal.org.np



'यो हाते पुस्तिका अमेरिकी अन्तराष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस पुस्तिका भित्रका विषयवस्तु र सामग्री नेपाल नगरपालिका संघका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्दछ भन्ने जरुरी छैन ।'